प्रमाणित

## बैठक संख्या – ५७

आज मिति २०८३ साल असार १ गते सोमबार यस मिक्लाजुङ गाउँपालिका, मोरङका अध्यक्ष श्री बवि कुमार राईज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको सभाकक्षमा बैठक बसी तपसिलका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णय गरियो ।

### उपस्थिती

| क.सं | पद | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | श्री बवि कुमार राई | |
| २. | गाउँपालिका उपाध्यक्ष | श्री दिनेश पौडेल | |
| ३. | वडा अध्यक्ष वडा नं १ | श्री पर्वत राई | |
| ४. | वडा अध्यक्ष वडा नं २ | श्री बल बहादुर श्रेष्ठ | |
| ५. | वडा अध्यक्ष वडा नं ३ | श्री सन्तोष कुमार मगर | |
| ६. | वडा अध्यक्ष वडा नं ४ | श्री विसाल राई | |
| ७. | वडा अध्यक्ष वडा नं ५ | श्री मेघनाथ तामाङ | |
| ८. | वडा अध्यक्ष वडा नं ६ | श्री खडी बहादुर मगर | |
| ९. | वडा अध्यक्ष वडा नं ७ | श्री सुशिल राज चौहान | |
| १०. | वडा अध्यक्ष वडा नं ८ | श्री पूर्ण बहादुर कुवर | |
| ११. | वडा अध्यक्ष वडा नं ९ | श्री सेमन्त राज दाहाल | |
| १२. | कार्यपालिका सदस्य | श्री मखे कुमारी लिम्बु | |
| १३. | कार्यपालिका सदस्य | श्री मेनुका श्रेष्ठ | |
| १४. | कार्यपालिका सदस्य | श्री उषा राई | |
| १५. | कार्यपालिका सदस्य | श्री मातृका देवी दर्जी | |
| १६. | कार्यपालिका सदस्य | श्री इन्दिरा दर्जी | |
| १७. | कार्यपालिका सदस्य | श्री मान बहादुर राई | |
| १८. | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | श्री तेजिन्द्र गौतम | |

**अन्य उपस्थिती**

| क.सं | पद | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अधिकृत आठौं | श्री दिपक रोका क्षेत्री | |
| २. | लेखा अधिकृत सातौं | श्री शालीग्राम दाहाल | |
| ३. | अधिकृत छैटौं | श्री रमेश पोखेल | |
| ४. | सु.प्र.अ. | श्री हिमाल घिमिरे | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

प्रस्ताव तथा निर्णयहरुः

<table>
<tr><th>क.सं</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>पूर्व बैठक समिक्षा सम्वन्धमा,</td><td>५६ औं कार्यपालिका बैठकका निर्णयहरुको बारेमा समिक्षा गरियो । बैठकमा भएका निर्णयको कार्यान्वयन सन्तोषजनक देखिएको र आगामी दिनमा यसलाई थप प्रभावकारी बनाउदै लैजाने निर्णय सर्वसम्मतबाट पारित गरियो ।</td></tr>
<tr><td>२.</td><td>ठेक्काको म्याद थप्र तथा ठेक्का भंग गर्ने सम्वन्धमा,</td><td>यस गाउँपालिकाबाट बहुवर्षिय स्वीकृत भइ ठेक्का प्रकृयाद्वारा संचालित तपसिल बमोजिमका आयोजनाहरुको म्याद समाप्त भएको र विविध कारणले आयोजना सम्पन्न हुन नसकेको हुँदा निर्माण व्यवसायीको तर्फबाट PG तथा APG थप गरी पेश गरेमा तपसिल बमोजिमको ठेक्काको म्याद थप गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>तपसिल
<table>
<tr><th>SN</th><th>Contract Number</th><th>Project Name</th><th>यस अघि म्याद थप भएको मिति</th><th>म्याद थप भएको मिति</th></tr>
<tr><td>१.</td><td>11/MRMM/WORKS/NCB/080/81</td><td>Construction of Works in Laxmi Narayan shiva Mandir, Radha Krishna Mandir,Bhagwati shiva Radha Durga Mandir And Toribari Jestha Nagarik And Narayan Mandir</td><td>२०८१ असार ९<br>२०८२ जेष्ठ ३०<br>२०८२।०८।३०<br>२०८२।११।३०</td><td>२०८३ असार मसान्त सम्म</td></tr>
<tr><td>२.</td><td>14/MRMM/WORKS/NCB/080/81</td><td>Construction Cold Store Building</td><td>२०८१ श्रावण २८<br>२०८२ जेष्ठ ३०<br>२०८२।०८।३०<br>२०८२।११।३०</td><td>२०८३ असार मसान्त सम्म</td></tr>
<tr><td>३.</td><td>20/MRMM/WORKS/NCB/078/79</td><td>Construction of Motorable Bridge in Magar Khola</td><td>२०८२ असार मसान्त<br>२०८२ पौष मसान्त सम्म<br>२०८२ चैत्र मसान्त</td><td>२०८३ असार मसान्त सम्म</td></tr>
<tr><td>४.</td><td>(3/MRMM/WORKS/NCB/081/82)</td><td>Construction of Drain in Ward No 7,8,9</td><td>२०८२।१२।३०</td><td>२०८३ असार मसान्त सम्म</td></tr>
<tr><td></td><td>10/MRMM/WORKS/NCB/080/81</td><td>Construction of Slab Culverts in Ward No.3,6,7 and 9</td><td>२०८१ जेठ २०<br>२०८२ जेठ ३०<br>२०८२।०८।३०<br>२०८२।११।३०</td><td>२०८३ पौष मसान्त सम्म</td></tr>
</table></td></tr>
<tr><td>३.</td><td>योजना बहुवर्षिय स्वीकृत गरी ठेक्का प्रकृया अगाडि बढाउने सम्वन्धमा ।</td><td>मिक्लाजुङ गाउँपालिकाको तपसिल बमोजिमका योजनाहरुको ठेक्का खोली संचालनमा रहेका र ठेक्का प्रकृयामा रहेका योजनाहरुलाई बहुवर्षिय स्वीकृत गरी प्राविधिक लागत अनुमान बमोजिम ठेक्का प्रकृयाबाट कार्य निरन्तरता गर्ने वा प्रकृयामा रहेकाको ठेक्काहरुको कार्य अगाडि बढाउने निर्णय सर्वसम्मतले पारित गरियो ।</td></tr>
</table>

| क.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | तपसिल |

| सि.नं | योजनाको नाम | विनियोजित वजेट | स्वीकृत लागत | अवस्था |
|---|---|---|---|---|
| १ | मिनेचोक देखि विमला चोक सम्म सडक कालोपत्रे | १५४००००० ।- | ३३१४०१९२।- | ठेक्का खोली कार्य भइरहेका |
| २ | राम्री खोला वक्स कल्भर्ट निर्माण वडा नं ८ | ३१०००००।- | ३६२०५०४।- | ठेक्का खोली कार्य भइरहेका |
| ३ | Construction Of Drain And Gravel Works in Various Roads Of Miklajung ward No.08 | 1800000।- | 1752948.48 | ठेक्का खोली कार्य भइरहेका |
| ४. | Construction of RCC Pavement in Thulo Samling and Jholunge Pul sadak, Miklajung-05 | 1300000।- | 1299911।- | ठेक्का खोली कार्य भइरहेका |
| ५. | Laying interlocking Tiles On The Road From AY Kirana to devithan Simsar | 2300000।- | 3389637।- | ठेक्का खोली कार्य भइरहेका |
| ६. | Construction of Blacktop Road at Ward No 4,7 and 9 | 3800000।- | 12059811।- | ठेक्का खोली कार्य भइरहेका |
| ७ | कुवापानी पटाले कोल्बोटे सडक स्तरोन्नती वडा नं १ र २ | 1800000।- | 5970695.6 | ठेक्का प्रकृयामा रहेको |
| ८ | सुके रामनवमी लेकडाँडा सडक मिक्लाजुङ १ | 2000000।- | | ठेक्का प्रकृया तयारीमा रहेको |

| क.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ४. | करार सेवामा कार्यरत कर्मचारीहरु सेवाबाट अवकाश हुँदा प्राप्त गर्ने सेवा सुविधा सम्वन्धी मापदण्ड, २०८३ सम्वन्धमा, | करार सेवामा कार्यरत कर्मचारीहरु सेवांबाट अवकाश हुँदा प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८३ छलफलका लागि पेश गरियो । |

| क.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ५. | फोहोरमैला व्यवस्थापन सम्वन्धि कार्यविधि सम्वन्धमा, | मिक्लाजुङ गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८३ आगामी कार्यपालिकामा पेश गर्ने गरी विधायन समितिमा छलफल लागि पठाउने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ६. | कृषि सम्वन्धि कार्यक्रम तथा व्यवस्थापन | १. मिक्लाजुङ गाउँपालिकाको आर्थिक विकास समितिको मिति २०८३।०१।१५ र मिति २०८३।०१।२३ गतेको अनुदान दिने लाभग्राही छनौट सम्वन्धि निर्णय सर्वसम्मतले अनुमोदन गरियो ।<br>२. मिक्लाजुङ गाउँपालिकाको आ.व.२०८२।०८३ को स्वीकृत वडा नं ७ को सिलिङ वजेट शीर्षक कृषक समुहहरुलाई अभिमुखिकरण कार्यक्रम साथै विउ विजन वितरण कार्यक्रम(वार्षिक योजना कितावको पेन नं ११३ को क.सं १)को लागि रु.१,००,०००।— विनियोजन भएकोमा ७ नं वडा समितिको मिति २०८३।०२।२२ को निर्णयानुसार सो वजेटबाट वोटविरुवा तथा बालिमा आवश्यक पर्ने पोषक तत्व खरिद गर्न सिफारिस भइ आएको हुँदा सिफारिस बमोजिमको कार्यक्रम गर्न कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ७. | आर्थिक गणनाको लागि स्थानीय समन्वय समिति गठन सम्वन्धमा, | राष्ट्रिय तथ्याङ्क कार्यालयको च.नं. ९१४ मिति २०८२।११।१९ को पत्रानुसार स्थानीय आर्थिक गणना समन्वय समिति तपसिल बमोजिम सर्वसम्मतले गठन गरियो ।<br>**तपसिल**<br>श्री बबि कुमार राई (गा.पा. अध्यक्ष) संयोजक<br>श्री दिनेश पौडेल (गा.पा. उपाध्यक्ष) सदस्य<br>श्री अमृत कुमार श्रेष्ठ (वाणिज्य संघ) सदस्य<br>श्री प्रकाश वस्नेत (वाणिज्य संघ) सदस्य<br>श्री सचिन रौनियार (वाणिज्य संघ) सदस्य<br>श्री चन्द्र कुवेर अधिकारी (प्र.ना.नि.) सदस्य<br>श्री तेजिन्द्र गौतम (प्र.प्र.अ.) सदस्य सचिव |
| ८. | आ.व. २०८३।०८४ का लागि करार कर्मचारीहरुको सेवा सुविधा संझौता म्याद थप तथा सम्वन्धमा, | १. मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालय वा मातहतका वडा कार्यालय, मधुमल्ला अस्पताल, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रमा करार सेवामा कार्यरत शसर्त कार्यक्रम समाप्त भएको रेमी परियोजना बाहेकका सम्पूर्ण कर्मचारीहरुको करार नविकरणको निवेदनका आधारमा संझौता नविकरण गर्ने र मिति २०८३।०४।०१ गतेदेखि लागु हुने गरी सशर्त तर्फका कर्मचारीहरुलाई खाइपाइ आएको तलव नघट्ने गरी अनुदान प्राप्त भए बमोजिम र पछि अनुदान LMBIS थप भई आएमा थप रकम भुक्तानी गर्ने गरी र अन्य आन्तरिक श्रोतबाट तलव भत्ता खाने कर्मचारीहरुलाई खाइपाइ आएको तलवमानमा १० प्रतिशतले वृद्धि गर्ने आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत पार्ट टाइममा कार्यरत सरसफाइ कर्मचारीलाई भने खाइपाइ आएको मासिक रु.६०००।— बाट वृद्धि गरी मासिक रु. ७०००।— बनाउने निर्णय सर्वसम्मतले पारित गरियो । |

| क.सं | प्रस्तावहरु | निर्णयहरु |
| --- | --- | --- |
| | | २. यस गाउँपालिका तथा मातहतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको संझौताको म्याद असार मसान्तमा सकिने भएको हुँदा अनुसूची-१ बमोजिम करार संझौताको म्याद २०८४ असार मसान्त सम्मको लागि थप गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>३. यस कार्यालयमा सूचना प्रविधि अधिकृत पदमा कार्यरत कर्मचारी हाल सम्म छैटौं तहको रहेकोमा नेपाल सरकारबाट जारी गरिएको स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्वन्धी कार्यविधि-२०८२, को दफा ६ को (२) र (३) बमोजिम रा.प. तृतिय वा स्थानीय तहमा सातौ तहको ७५ प्रतिशत लागत शाझेदारी PLGSP कार्यक्रमबाट उपलब्ध हुने उल्लेख भएको हुँदा २०८३ श्रावण १ गते देखि लागु हुने गरी निज सूचना प्रविधि अधिकृतलाई सातौ तहमा स्तरवृद्धि गर्ने र सातौ तहको लागत शाझेदारीको लागि PLGSP कार्यक्रममा माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ९. | आ.व. २०८३।०८४ को गाउँसभा पूर्व तयारी सम्वन्धमा, | १. आ.व.२०८३।०८४ को वार्षिक नीति कार्यक्रम, श्रम रोजगार नीति समेत छलफलका लागि पेश गरियो ।<br>२. आ.व.२०८३।०८४ को आर्थिक विधेयक छलफलका लागि पेश गरियो ।<br>३. आ.व.२०८३।०८४ को विनियोजन विधेयक र वार्षिक वजेट तथा कार्यक्रम छलफलका लागि पेश गरियो ।<br>४. आ.व.२०८१।०८२ को वेरुजु नियमित गर्ने प्रस्ताव छलफलका लागि पेश गरियो । |
| १०. | गाउँसभा अधिवेशनको मिति तोक्ने सम्वन्धमा, | मिक्लाजुङ गाउँसभाको अठारौं अधिवेशन मिति २०८३।०३।१० गते विहान ९ वजे देखि सुरु गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ११. | विविध सम्वन्धमा, | |
| क. | योजना व्यवस्थापन तथा रकमान्तर सम्वन्धमा | १. यस गाउँपालिकाको आ.व.२०८२।०८३ मा स्वीकृत ७ नं वडाको सिलिङ वजेट शीर्षक वडा नं ७ मा भएका विद्यालयका विद्यार्थीहरुको सिकाइ प्रयोजनको लागि हात्ती भगाउने ड्रोन निर्माणका लागि आवश्यक सामाग्री खरिद (वार्षिक योजना कितावको पेज नं ११४ सि नं ६) मा विनियोजित वजेट रु.१५००००।— बाट मनोहर जनता मा.वि.को कम्पाउण्डमा वत्ती जडान गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>२. यस गाउँपालिकाको आ.व.२०८२।०८३ मा स्वीकृत ७ नं वडाको सिलिङ वजेट शीर्षक वडा नं ७ का मृत्यु भएका व्यक्तीहरुको दाहासंस्कारको लागि दाउरा व्यवस्थापन (वार्षिक योजना कितावको पेज नं ११३ सि नं ३) मा विनियोजित वजेट रु.३००००।— बाट चैनपुरे गौंडामा सि सि क्यामेरा जडान गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>३. यस गाउँपालिकाको आ.व.२०८२।०८३ मा स्वीकृत ७ नं वडाको सिलिङ वजेट शीर्षक वडा नं ७ मा दर्ता भएका टोल विकास संस्थालाई सडक वत्ती मर्मत तथा संहार (वार्षिक योजना कितावको पेज नं ११४ सि नं १) मा विनियोजित वजेट रु.१०००००।— बाट वडा भरी सडक वत्तीको वल्व खरित शीर्षकमा |

| क्र.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | रु.५००००।– र दर्ता भएका टोल विकास संस्थाहरुलाई अभिमुखिकरण कार्यक्रमको लागि रु.५००००।– छुटयाइ कार्य अगाडि बढाउने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>४. यस गाउँपालिकाको आ.व.२०८२।०८३ मा स्वीकृत २ नं वडाको सिलिङ बजेट शीर्षक चिहान डाँडा देखि शाखरे सिरान सम्म जाने बाटो कालोपत्रे निर्माण मिक्लाजुङ-२ (वार्षिक योजना किताबको पेज नं ९३ सि नं १) मा विनियोजित बजेट रु.१३०००००।– बाट वडा भरी सडकहरुमा आवश्यक ठाउँमा ह्युम पाइप लगाउनको लागि ह्यमपाइप खरिदमा रकमान्तर गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>५. यस गाउँपालिकाको आ.व.२०८२।०८३ मा स्वीकृत बजेट शीर्षक मदन मार्ग वेतेनी सिमसार जाने बाटो वेद ब. गौतमको घरपूर्व कल्भर्ट निर्माण मिक्लाजुङ ६ (वार्षिक योजना किताबको पेज नं ७७ सि नं १३५) मा विनियोजित बजेट रु.३५००००।– बाट सोही ठाउँमा ह्युमपाइप तथा मेसिनरी वाल निर्माण गर्ने कार्य अगाडि बढाउने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>६. यस गाउँपालिकाको आ.व.२०८२।०८३ मा स्वीकृत बजेट शीर्षक शिवालय मन्दिर भवन निर्माण खोलीटार (वार्षिक योजना किताबको पेज नं ४७ सि नं १४) मा विनियोजित बजेट रु.५०००००।– बाट वडा नं ५ को लालबस्ती पुच्छर सोल्टी खोलामा तटबन्धन लगाउने कार्य संचालन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ख. | पूर्ण खोप सुनिश्चितता सम्बन्धमा । | यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा खोप लगाउन छुट भएका बच्चाहरु खोजी गरी खोप लगाई सकि पूर्णखोप सुनिश्चितता भइसकेकोले यस मिक्लाजुङ गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता भएको गाउँपालिका सर्वसम्मतले घोषणा गरियो । साथै पूर्णखोप सुनिश्चितता अनुमोदनको लागि जिल्ला समन्वय समिति, मोरङमा लेखि पठाउने निर्णय समेत सर्वसम्मतले पारित गरियो । |
| ग. | सडक गुरु योजना स्वीकृत सम्बन्धमा | मिक्लाजुङ गाउँपालिकाले तयार गरेको सडक गुरु योजना सर्वसम्मतले स्वीकृत गरियो । |
| घ. | डिजिटल प्रोफायल स्वीकृत सम्बन्धमा | मिक्लाजुङ गाउँपालिकाले तयार गरेको भिलेज डिजिटल प्रोफयल सर्वसम्मतले स्वीकृत गरि सर्वसाधारणको पहुँचयोग्य बनाइ कार्यान्वयन गर्ने सर्वसम्मतले निर्णय गरियो । |
| ङ | प्रगति समिक्षा सम्बन्धमा | यस गाउँपालिकाको आ.व. २०८२।०८३ को हाल सम्म भए गरेका क्रियाकलापहरुको विषय शाखागत तथा वडागत रुपमा समिक्षा गरियो । हाल सम्मको प्रगति सन्तोषजनक पाइयो र आगामी दिनमा अझ प्रभावकारी तवरले कार्य अगाडि बढाउन सबैलाई सुशुचित गराउने निर्णय सर्वसम्मतले पारित गरियो । |